निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

**प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि खर्चको अधिकतम हद तोकिएको सम्बन्धमा ।**

**प्रेस विज्ञप्ति**

मिति: २०७९।०६।१६

निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ बमोजिम प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि आज राजनीतिक दल वा उम्मेदवारले निर्वाचनमा गर्न पाउने खर्चको अधिकतम हद तोक्ने निर्णय गरेको छ । सो प्रयोजनका लागि आयोगले निर्वाचन क्षेत्रको मतदाता संख्या, मतदान केन्द्रको संख्या र क्षेत्रफललाई आधार मानी सूत्रमा आधारित भई निर्वाचनका लागि खर्चको अधिकतम हद तोकेको छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचन २०७९ को प्रयोजनको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ बमोजिम निर्वाचन खर्चको हद निर्धारण गर्दा देहाय बमोजिमका आधारलाई देहाय बमोजिम भार निर्धारण गर्ने निर्णय भएको छ :-

(क) संवत् २०७९ साल भाद्र ३१ गते कायम भएको मतदाताको आधारमा सम्बन्धित निर्वाचन क्षेत्रमा कायम मतदाताको संख्यालाई साठी प्रतिशत भार,

(ख) मतदान केन्द्रको आधारमा सम्बन्धित निर्वाचन क्षेत्रमा कायम भएको मतदान केन्द्रको संख्यालाई बीस प्रतिशत भार,

(ग) भौगोलिक क्षेत्रको हकमा सम्बन्धित निर्वाचन क्षेत्रले ओगटेको क्षेत्रफललाई बीस प्रतिशत भार निर्धारण गरिएको छ ।

उल्लेखित भारको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनको हकमा अनुसूची -१ मा उल्लिखित ५ वटा निर्वाचन क्षेत्रहरुमा निर्वाचन खर्चको हद रु.२५ लाख कायम गर्ने,

अनुसूची -२ मा उल्लिखित १७ वटा निर्वाचन क्षेत्रहरुमा निर्वाचन खर्चको हद रु.२७ लाख कायम गर्ने,

अनुसूची -३ मा उल्लिखित ६५ वटा निर्वाचन क्षेत्रहरुमा निर्वाचन खर्चको हद रु.२९ लाख कायम गर्ने,

अनुसूची -४ मा उल्लिखित ५२ वटा निर्वाचन क्षेत्रहरुमा निर्वाचन खर्चको हद रु.३१ लाख कायम गर्ने

अनुसूची -५ मा उल्लिखित २६ वटा निर्वाचन क्षेत्रहरुमा निर्वाचन खर्चको हद रु.३३ लाख कायम गर्ने,

त्यस्तैगरी उल्लेखित भारको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनको हकमा अनुसूची -१ मा उल्लिखित ७० वटा निर्वाचन क्षेत्रहरुमा निर्वाचन खर्चको

२०७९।०६।१६

हद रु.१५ लाख कायम गर्ने, अनुसूची -२ मा उल्लिखित १४३ वटा निर्वाचन क्षेत्रहरुमा निर्वाचन खर्चको हद रु.१७ लाख कायम गर्ने, अनुसूची -३ मा उल्लिखित ५६ वटा निर्वाचन क्षेत्रहरुमा निर्वाचन खर्चको हद रु.१९ लाख कायम गर्ने, अनुसूची -४ मा उल्लिखित २९ वटा निर्वाचन क्षेत्रहरुमा निर्वाचन खर्चको हद रु.२१ लाख कायम गर्ने र अनुसूची -५ मा उल्लिखित ३२ वटा निर्वाचन क्षेत्रहरुमा निर्वाचन खर्चको हद रु.२३ लाख कायम गर्ने,

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा राजनीतिक दलले गर्ने निर्वाचन खर्चको हद प्रत्येक राजनीतिक दलले पेश गरेको बन्दसूचीमा सूचीकृत उम्मेदवारको संख्या अनुसार प्रति उम्मेदवार दुई लाख रुपैयाँ र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनमा राजनीतिक दलले गर्ने निर्वाचन खर्चको हद राजनीतिक दलले सम्बन्धित प्रदेशमा पेश गरेको बन्दसूचीमा सूचीकृत उम्मेदवारको संख्या अनुसार प्रति उम्मेदवार एक लाख पचास हजार रुपैयाँ कायम गर्ने ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, निर्वाचन आचारसंहिता, २०७९ तथा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को प्रतिकूल नहुने गरी प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनमा सहभागी हुने राजनीतिक दल वा उम्मेदवारले तोकिए बमोजिमको रकम मतदाता नामावली खरिद, सवारी साधन, प्रचार प्रसार सामग्री, ढुवानी, गोष्ठी अन्तरक्रिया, अन्य प्रचार प्रसार, छापा एवं विद्युतीय माध्यम (सामाजिक सञ्जाल समेत), कार्यालय सञ्चालन र प्रतिनिधि परिचालन लगायतका विषय क्षेत्रमा खर्च गर्न पाउनेछन् ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०४।१९ को निर्णयानुसार प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ को उपदफा (१) बमोजिम संवत् २०७९ साल मङ्सिर महिनाको ४ गते आइतबारका दिन एकै चरणमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन गर्ने गरी निर्वाचन मिति तोकिएको सन्दर्भमा आयोगले प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन २०७९ मा स्वच्छता, निष्पक्षता र पारदर्शिता कायम राख्नको लागि निर्वाचनमा राजनीतिक दल वा उम्मेदवारले खर्च गर्न पाउने रकमको हद तोकेकाले सोको कार्यान्वयनका लागि सम्बन्धित दल र उम्मेदवारलाई आयोग हार्दिक आग्रह गर्दछ ।

अनुसूचीहरुको विस्तृत विवरण आयोगको वेभसाइटमा सार्वजनिक गरिनेछ ।

२०७९/०६/१६

शालिग्राम शर्मा पौडेल

सहसचिव एवं प्रवक्ता